प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# प्रदेश आपत्कालिन बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना :** बालबालिकाको बाँच्न पाउने र संरक्षणको अधिकारलाई केन्द्रबिन्दुमा राखी प्राकृतिक विपद् , दुर्घटना, द्वन्द लगायत आपत्कालिन अवस्थामा रहेका वा त्यस्तो अवस्थाका कारण जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गरी उनीहरूको हकहितको प्रवर्द्धन गरी शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकासमा सहयोग पुर्याइ बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि प्रदेश स्तरमा एक बाल संरक्षण कोषको स्थापना गर्न आवश्यक भएकोले प्रदेश कार्य संचालन कोष ऐन २०७५ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी यो प्रदेश आपत्कालिन बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रदेश आपत्कालिन बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नम्बर ३ सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्दछ र सो शव्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्दछ ।

(ङ) "विशेष संरक्षणको आवश्यकतामा भएका बालबालिका" भन्नाले देहाएका अवस्थाका बालबालिका सम्झनु पर्दछ :

(१) बाबुआमा दुवै गुमाएका अनाथ बालबालिका,

(२) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे अवस्थामा रहेका बालबालिका,



सचिव

(३) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(४) कानूनी विवादमा परेकामध्ये दिशान्तर प्रकृया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(५) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(६) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण र संरक्षण गर्न नसक्ने भनी सम्बन्धित अधिकृत समक्ष निवेदन परेका बालबालिका,

(७) बाबु, आमा वा अभिभावकबाट दूर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(८) शारीरिक वा मानसिक यातना वा भेदभाव वा यौन शोषण वा दूर्व्यवहार जस्ता घटनाबाट पीडित भएकोमा परिवारद्वारा स्वीकार नगरिएका बालबालिका,

(९) बँधुवा वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिका वा प्रचलित कानून विपरीत जबरजस्ती श्रममा संलग्न गराई जीवनयापन गरिरहेका बालबालिका,

(१०) धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका बालबालिका,

(११) सडक बालबालिका,

(१२) एच.आई.भी./एड्स संक्रमित तथा प्रभावित बालबालिका,

(१३) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाई भएका बालबालिका,

(१४) बालबालिका विरूद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,



सचिव

(१५) विपद् वा सशस्त्र द्वन्द्व वा दुर्घटनाका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते वा अपाङ्गता भएका वा मानसिक सन्तुलन गुमाएका बालबालिका,

(१६) विपन्न, दलित, लोपोन्मुख र पिछडा वर्गका बालबालिका,

(१७) अपहरण वा शरीर बन्धकमा परी शारीरिक वा मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,

(१८) बेचबिखन वा ओसारपसारमा परी शारीरिक वा मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,

(१९) जवरजस्ती र करकापबाट बालविवाहमा परेका बालबालिका,

(२०) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(च) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनु पर्दछ ।

(छ) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्दछ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शव्दले जिल्ला सभालाई समेत जनाउँछ ।

३. कोषको स्थापना : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्नका लागि प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५ को दफा ३ बमोजिम मन्त्रालय अन्तर्गत एक प्रदेश आपत्कालिन बाल संरक्षण कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

सचिव

(घ) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी संघ, संस्था, वा व्यक्तिबाट प्राप्त रकम ।

४. <u>कोषको उपयोग :</u> (१) कोषको रकम देहाएका कार्यमा खर्च गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल राहत उपलब्ध गराउन,

(ग) खण्ड (क) बमोजिम उद्धार गरिएका बालबालिकाहरुलाई खानपान, लत्ताकपडा, औषधी उपचार, शिक्षा, मनोविमर्श सेवा, कानूनी सहायता, निरन्तर हेरचाह र संरक्षणका लागि पुनर्स्थापना वा दिशान्तर गर्न,

(घ) परिवार विहिन बालबालिकाहरुको पारिवारिक संरक्षण सेवा प्रदान गर्न ।

(२) उपदफा (१) मा लेखिए बमोजिम बाहेकको अन्य कार्यमा कोषको रकम उपयोग गर्न सकिने छैन ।

तर दफा ९ बमोजिमको कार्यमा खर्च गर्न बाधा पुगेको मानिने छैन ।

५. <u>कोषबाट गरिने खर्चको सीमा :</u> (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई कोषको रकम देहाए बमोजिम खर्च गर्न सकिने छ :-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्दा लागेको विल भरपाई बमोजिमको खर्च ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई समितिको निर्णय अनुसार तत्काल राहत स्वरुप देहाय बमोजिमको रकम प्रदान गरिनेछ :-

(१) विपद् वा दूर्घटना वा द्वन्द्वमा परी बाबुआमा दुवैको मृत्यु भएको वा बेपत्ता भएको अवस्थामा रू १,००,००० (अक्षेरपी एक लाख रुपैया मात्र) एकमुष्ट राहत सहयोग प्रदान गर्न,

(२) बाबु वा आमामध्ये एक जनाको मृत्यु भएको अवस्थामा रू ५०,००० (अक्षेरपी पचास हजार रुपैया मात्र) एकमुष्ट राहत सहयोग प्रदान गर्न ।



सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

(ग) बालबालिकाको स्वास्थ्य अवस्था हेरी तत्काल स्वास्थ्य उपचारका लागि प्रति प्रभावित बालबालिकालाई एक पटकमा बढीमा रू १०,००० (अक्षरेपी दश हजार रुपैयाँ) सम्म समितिको संयोजकबाट सोझै प्रदान गर्न सकिनेछ । यसको लागि सरकारवाट मान्यता प्राप्त चिकित्सकको प्रेस्क्रिप्शन सहित औषधोपचार गरेको विल भर्पाई बुझाउनु पर्नेछ । साथै खर्चको यथार्थ विवरण समितिको बैठकमा समितिको संयोजकले पेश गर्नु पर्नेछ,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई प्रदेश अन्तर्गतका कुनै पनि जिल्ला सदरमुकाम वा अन्य स्थानमा अल्पकालीन आश्रय दिनुपर्ने अवस्थामा निज बालबालिकाको साथमा रहने परिवार वा अभिभावक वा कानूनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जना समेतलाई जिल्ला सदरमुकाम वा अन्य स्थानमा बसेको प्रतिदिन रु १,००० (अक्षरेपी एक हजार रुपैया मात्र) का दरले खाने बस्ने खर्च बढीमा ५ दिनसम्मको मात्र प्रदान गर्न सकिनेछ,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई बाल अधिकार संरक्षण केन्द्र, बालगृह पुनर्स्थापना केन्द्र वा बाल सुधार गृहमा वैकल्पिक हेरचाहका लागि पुनर्स्थापना वा दिशान्तर गर्दा निजको शिक्षा, स्वास्थ्य, हेरचाह, खाना, पोषण लगायत अत्यावश्यक आवश्यकता परिपूर्तिका लागि लाग्ने मासिक खर्च समितिले औचित्यको आधारमा तोके बमोजिमको रकम प्रदान गर्न । यसरी संस्थागत हेरचाहमा राख्दा बालगृह वा पुनर्स्थापना केन्द्र वा बाल सुधार गृहसंग सम्झौता गरी सिधै उपलब्ध गराउन सकिनेछ,

(च) वैकल्पिक हेरचाहका लागि पुनर्स्थापना वा दिशान्तर गर्नु पर्ने बालबालिकालाई बालगृह वा पुनर्स्थापना केन्द्र वा बाल सुधार गृहको संरक्षणमा पठाउँदा निजको परिवार वा अभिभावक वा कानूनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जनालाई खाना तथा बास खर्च बापत दैनिक रु. १,००० (अक्षरेपी एक हजार रुपैया मात्र) का दरले बढीमा ५ दिनसम्मको रकम र बाटोमा आउदाँदाजाँदा लाग्ने सार्वजनिक यातायातको खर्च प्रदान गर्न सकिनेछ,

(छ) निशुल्क कानूनी सहायता उपलब्ध हुन नसकी थप कानूनी सहायता आवश्यक परेको खण्डमा सो को लागि लाग्ने रकम बढीमा रु १०,००० (अक्षरेपी दश हजार रुपैया मात्र) प्रदान गर्न सकिनेछ,

सचिव

(ज) मनोविमर्श सेवा आवश्यक परेको खण्डमा सो सेवा प्रदान गरे वापत मनोविमर्शकर्तालाई प्रति व्यक्ति रु १,००० (एक हजार रुपैया मात्र) प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार खर्च गर्दा देहायका कागजातहरुका आधार अनुसार गर्नुपर्ने छ :-

(क) विशेष संरक्षण आवश्यक भएको बालबालिका हो भन्ने बारे स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र र बालबालिकाको जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्ममिति देखिने पत्र पेश गर्नु पर्ने छ । सो उपलव्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र,

(ख) बालबालिकाको बाबु आमाको मृत्युदर्ता प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पत्र,

(ग) अपाङ्गता भएका बालबालिकाहरूको हकमा अपाङ्गता परिचयपत्र । सो परिचयपत्र उपलव्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र,

(घ) कानूनी सहायता र मनोविमर्श सेवा आवश्यक भएका बालबालिकको हकमा अवस्था हेरी सम्बन्धित कानून व्यवसायी वा विशेषज्ञसंगको समन्वयमा समितिको निर्णयको आधारमा ।

(३) उपदफा (२) बमोजिमका आधारमा तत्कालै सहयोग गर्नु पर्ने अवस्थामा समितिको बैठकबाट पछि अनुमोदन हुने गरी समितिका संयोजक र मन्त्रालयमा बालबालिका सम्बन्धी तोकिएका अधिकृतको संयुक्त निर्णयमा सहयोग उपलव्ध गराउन सकिने छ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरूलाई सहयोग प्रदान गर्दा अनुसूची -१ को ढाँचामा आवेदन फारम भराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरूलाई सहयोग प्रदान गर्दा संघीय सरकार, स्थानीय सरकारले प्रदान गरेको सहयोगमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।

तर त्यस्ता बालबालिकालाइ थप सहयोग आवश्यक भएको भनि स्थानीय तहबाट सिफारिस भइ आएमा थप सहयोग प्रदान गर्न बाधा पुगेको मानिने छैन ।

सचिव

६. <u>सञ्चालक समितिको गठन :</u> कोष सञ्चालनका लागि मन्त्रालयमा देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहने छ :-

(क) सचिव, सामाजिक विकास मन्त्रालय – संयोजक

(ख) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय – सदस्य

(ग) अधिकृत प्रतिनिधी आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) अधिकृत प्रतिनिधि (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(ङ) मन्त्रालयको बाल अधिकार तथा सामाजिक न्याय शाखा प्रमुख –सदस्य सचिव

७. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :</u> सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कुनै बालबालिका आपत्कालिन अवस्थामा रहेर नरहेको वा विशेष संरक्षणको आवश्यकता भएर नभएको भन्ने बारे यकीन गर्ने,

(ख) आपत्कालिन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) आपत्कालिन अवस्थामा रहेका वा विशेष संरक्षणको आवश्यकता भए नभएको सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ङ) आपत्कालिन अवस्थामा रहेका बालबलिकाको उद्धार गर्ने, राहत उपलब्ध गराउने र पुनर्स्थापना गर्ने,

(च) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष स्थायित्वको लागि आवश्यक पहल गर्ने र वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(झ आपत्कालिन अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने ।



सचिव

८. <u>सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था :</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले आवश्यकता अनुसार सरकारी निकाय, बालबालिकासंग सम्बन्धित संघ संस्था, बाल अधिकारकर्मी र अन्य कुनै सरोकारवाला व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>कोषको प्रशासनिक खर्च :</u> समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत भन्दा बढी हुने छैन ।

१०. <u>कोषको खाता सञ्चालन :</u> (१) कोषको खाता सञ्चालन गर्दा मन्त्रालयले कुनै सरकारी कारोवार गर्न स्वीकृति प्राप्त भएको "क" वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन समितिको संयोजक र मन्त्रालयको आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

सचिव

११. कोषको लेखा र लेखा परीक्षण : (१) कोषको आय व्ययको लेखा प्रणाली बमोजिम प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१२. प्रतिवेदन पेश गर्ने : (१) सञ्चालक समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

१३. कोषको सचिवालय : कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

१४. अभिलेख राख्ने :(१) सञ्चालक समितिले आफूले गरेको काम कारवाहीको अभिलेख दुरूस्त राख्नु पर्नेछ ।

(२) विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरूलाई प्रदान गरिएको सहायता सम्बन्धी मूल अभिलेख अनुसूची -२ को ढाँचामा राख्नु पर्नेछ ।

१५. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले सञ्चालक समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. अधिकार, प्रत्यायोजन : सञ्चालक समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा मन्त्रालयको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

सचिव

## अनुसूची - १

(दफा ५ को उपदफा (४) संग सम्बन्धित)

<u>प्रदेश आपतकालिन विशेष संरक्षण आवश्यक भएका बालबालिकाका लागि बाल संरक्षण कोषबाट सहायता</u>

<u>प्राप्त गर्नका लागि आवेदन फारमको ढाँचा</u>

१. <u>बालबालिकाको विवरण :</u>

नाम : .......... थर .............. लिङ्ग.................... उमेर.....................

गाउँपालिका/नगरपालिका ................................ वडा नं. ..............................

गाउँ/टोल .................. जिल्ला .................. प्रदेश................

विद्यालय गएको भए नाम ठेगाना ........................................................................

कक्षा ......................

स्वास्थ्य अवस्था .............................................................................................

जन्म दर्ता भएको/नभएको .............................

२. <u>बाबुको विवरण :</u>

(१) बाबुको नाम थर ..................................................................

(२) बाबु नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरेको (घ) अन्य ..........................

(३) बाबुको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पूर्ण अपाङ्गता (ग) अन्य अवस्था ...........................................................................................

३. <u>आमाको विवरण :</u>

(१) आमाको नाम थर ..................................................................

(२) आमा नभएको भए सोको कारण: (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य ..........................

(३) आमाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पूर्ण अपाङ्गता

(ग) अन्य अवस्था ........................................................................................................

४. अपाङ्गता भएका आमा बाबु वा अभिभावक भएमा अपाङ्गताको परिचयपत्र भएको वा नभएको ?

अपाङ्गताको किसिम ..........................................

५. पारिवारिक विवरण :

| क्र.सं. | परिवारको सदस्यको नाम | बालकसँगको नाता | उमेर | पेशा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. कुन किसिमको विशेष संरक्षण आवश्यक भएको बालबालिका हो खुलाउने :

........................................................................................................................................

........................................................................................................................................

आवेदकको दस्तखत ........................

नाम थर ................................................................बालकसंगको नाता ..............

ठेगाना ................................................................

मिति ................................

सम्पर्क नं ....................

अनुसूची - २

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३

प्रदेश आपत्कालिन बाल संरक्षण कोषबाट सहायता प्रदान गरिएका विशेष संरक्षण आवश्यक भएका बालबालिकाको अभिलेख

| क्र.सं. | मिति | लाभग्राही बालबालिकाको नाम | ठेगाना | अभिभावक/संरक्षकको नाम | सहायताको किसिम | उपलब्ध गराइएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |